# तपाईको बच्चालाई खोप लगाउने

तपाईको बच्चालाई गम्भीर स्वास्थ्य समस्या निम्त्याउने हानिकारक रोगहरुविरुद्ध जोगाउने साधारण, सुरक्षित तथा प्रभावकारी तरिका खोप लगाउनु हो। खोपले तपाईको बच्चालाई स्वस्थ राख्न मद्दत गर्छ र रोगको फैलावट घटाएर समुदायलाई जोगाउँछ।

## अष्ट्रेलियामा निःशुल्क खोप

National Immunisation Program (NIP) Schedule श्रृंखलाबद्ध रूपमा दिईने खोपहरू हुन् जसलाई तपाईको जीवनभरि निश्चित समयमा प्रदान गरिन्छ। NIP Schedule ले सूचीहरु प्रदान गर्छ जसमा तपाईको बच्चाले कुन सुई लिनुपर्छ र कहिले लिनुपर्छ भन्ने कुरा जनाउँछ। NIP Schedule मा सूचीकृत खोपहरु निःशुल्क हुन्छन्।

NIP Schedule हेर्नका लागि र अंग्रेजी भाषामा खोपबारेमा थप जानकारीका लागि health.gov.au/immunisation मा जानुहोस्।

## तपाईले के गर्नुपर्छ

तपाईको बच्चाले NIP Schedule मा सूचीकृत खोपहरु प्राप्त गरेको निश्चित गर्नका लागि तपाईको बच्चाको खोप प्रदायकसँग कुरा गर्नुहोस्।

जब तपाईको बच्चालाई खोप दिईन्छ, तपाईको खोप प्रदायकलाई यसको रेकर्ड Australian Immunisation Register (AIR) मा राख्नका लागि अनुरोध गर्नुहोस्। AIR एक राष्ट्रिय रजिष्टर हो जसले अष्ट्रेलियामा सबै उमेरका मानिसहरुलाई दिइएको खोपको अभिलेख राख्छ।

## तपाईको बच्चाको खोपको इतिहास हेर्न

तपाईको बच्चाको खोपको रेकर्ड हेर्नका लागि, तपाईले एक immunisation history statement प्राप्त गर्न सक्नुहुन्छ। यसबाट तपाईले निम्न कुरा गर्न सक्नु हुन्छः

- उनीहरुले लगाएको खोपहरू जान्न (ट्र्याक राख्न) र
- बाल हेरचाह वा विद्यालय भर्नाका लागि खोपको प्रमाण उपलब्ध गराउन

यसले निम्न कुरा पनि देखाउँछः

- उनीहरुको अर्को खोप कहिले लगाउने हो
- छुटेका खोपहरु र
- खोप लगाउनु नपर्ने चिकित्सकिय अपवाद।

Immunisation history statement प्राप्त गर्ने सबैभन्दा द्रुत उपाय भनेको अनलाइनबाट हो। यसको लागि निम्न माध्यमहरू प्रयोग गर्न सकिन्छ:

- तपाईको myGov मार्फत Medicare online account बाट, वा
- Express Plus Medicare मोबाइल एपबाट।

अंग्रेजी भाषामा उपलब्ध थप जानकारीका लागि **humanservices.gov.au/medicareonline** मा जानुहोस्।

यदि तपाई Medicare का लागि योग्य हुनुहुन्न भने, तपाईले अनलाइनबाट खोप विवरण प्राप्त गर्नुहुने छैन। बरु, तपाईले निम्न कुराहरू गर्न सक्नुहुन्छः

- तपाईको खोप प्रदायकलाई तपाईको लागि एउटा प्रतिलिपी दिन अनुरोध गर्नुस्
- Department of Human Services को सेवा केन्द्रमा जानुहोस्, वा
- **1800 653 809** मा अंग्रेजी भाषामा फोन गर्नुहोस्।

Immunisation history statements ले मान्यता प्राप्त खोप प्रदायकहरुले AIRमा रेकर्ड गरेका खोपहरुलाई मात्र सूचीकृत गर्छ। खोप प्रदायकहरुले मेडिकल क्लिनिक तथा सामुदायिक स्वास्थ्य क्लिनिकमा समेत गरि धेरै ठाउँहरुमा काम गर्छन्। यदि तपाईको बच्चाको खोप विवरण गलत छ भने तपाईको खोप प्रदायकलाई सम्पर्क गर्नुहोस् र AIR मा अद्यावधिक गर्नका लागि उनीहरुलाई अनुरोध गर्नुहोस्।

14 वर्ष वा सोभन्दा माथिका व्यक्तिहरुको खोपको विस्तृत विवरणहरु त्यही व्यक्तिलाई मात्र दिइन्छ। यदि तपाईको बच्चा 14 वर्ष वा माथिको छ भने उनीहरुले आफ्नो विवरणको पहुँच आफैँले गर्नुपर्छ। तपाईको बच्चाको मञ्जुरीविना विवरणलाई बाबुआमा वा अभिभावकलाई उपलब्ध गराउन मिल्दैन, तपाई सोही Medicare कार्डमा सूचीकृत भएको खण्डमा समेत।

# खोप तथा पारिवारिक सहायता भुक्तानी

तपाईको बच्चाको खोपहरुले तपाईले प्राप्त गर्ने पारिवारिक सहायता भुक्तानीलाई असर गर्न सक्छ। निम्न सुविधाहरू प्राप्त गर्नका लागि तपाईको बच्चाले उनीहरुलाई आवश्यक पर्ने खोप लगाएको NIP Childhood Schedule बाट निश्चित गर्नुहोस् (जन्मेदेखि 4 वर्ष सम्म):

- Family Tax Benefit Part A
- 2017-18 Family Tax Benefit Part A supplement
- Child Care Subsidy
- Additional Child Care Subsidy
- Child Care Benefit वा Child Care Rebate 2017-18 को लागि एकमुष्ट रकमका रुपमा।

तपाईको बच्चालाई कहिले खोप लगाइएको भन्ने कुरा हामीलाई तपाईले भन्नुपर्दैन – उनीहरुको स्थितिलाई हामी AIR मा जाँच गर्छौँ।

# विदेशको खोप

यदि तपाईको बच्चाले विदेशमा खोप लिएको छ भने त्यसको प्रमाण (अंग्रेजीमा अनुवाद गरेर) लाई तपाईको अष्ट्रेलियन खोप प्रदायककहाँ लैजानुहोस्। उनीहरुले NIP Schedule (जन्मेदेखि 4 वर्ष सम्म) लाई पूरा गर्ने गरी तपाईको बच्चालाई सही खोप प्रदान गरिएको जाँच्नेछन्।

यदि तपाईको बच्चाले सो आवश्यकतालाई पूरा गरेको छ भने तपाईको अष्ट्रेलियन खोप प्रदायकले त्यसलाई AIR मा अद्यावधिक गर्नेछन्।

यदि तपाईको बच्चाले सो आवश्यकतालई पूरा गर्दैन भने खोप प्रदायकले खोपको catch-up schedule को सिफारिस गर्नेछन्।

यदि तपाई अष्ट्रेलिया आइसक्नुभएको छ र बच्चाको खोपको प्रमाणलाई अनुवाद गर्ने आवश्यकता छ भने निःशुल्क अनुवाद सेवा का बारेमा Department of Social Services को वेबसाइटमा थप जनाकारी अंग्रेजी भाषामा पढ्नुहोस्।

## खोप लगाउने चिकित्सकिय अपवाद

केही बालबालिकालाई उनीहरुको मेडिकल अवस्थाका कारण खोप लगाउन सकिन्न, वा उनीहरुको रोगसँग प्रतिरोध गर्ने प्राकृतिक क्षमता छ भने उनीहरुलाई खोप नचाहिन सक्छ। एक योग्य डाक्टरले खोपको अपवादलाई AIR मा रेकर्ड गर्न सक्छन्।

खोपको मेडिकल अपवादका बारेमा अंग्रेजी भाषामा थप जानकारी तथा योग्य डाक्टरहरुको सूचीका लागि **humanservices.gov.au/medicalexemptions** हेर्नुहोस्।

## थप जानकारीका लागि

- **humanservices.gov.au/air** मा जानुहोस्
- **humanservices.gov.au/yourlanguage** मा जानुहोस् जहाँ तपाईले आफ्नो भाषामा जानकारीहरु पढ्न, सुन्न वा हेर्नको लागी
- हामीसँग तपाईको भाषामा Centrelink भुक्तानी तथा सेवाहरुका बारेमा कुरा गर्नका लागि **131 202** नम्बरमा फोन गर्नुहोस्।
- हामीसँग तपाईको भाषामा Medicare तथा बाल सहायता Child Support भुक्तानी तथा सेवाहरुका बारेमा कुरा गर्नका लागि अनुवाद तथा दोभाषे सेवा (Translating and Interpreting Service (TIS National)) लाई **131 450** नम्बरमा फोन गर्नुहोस्।
- सेवा केन्द्रमा जानुहोस्।

**नोट**: तपाईको घरको फोनबाट गरिएको '13' नम्बरमा अष्ट्रेलियाको जुनसुकै ठाउँबाट गरिका फोनहरुलाई निश्चित दरमा शुल्क लिइन्छ। उक्त दर स्थानीय फोनको मूल्यभन्दा फरक हुन सक्छ र टेलिफोन सेवा प्रदायकबीच पनि फरक पर्न सक्छ। तपाईको घरको फोनबाट '1800' नम्बरमा गरिएका फोनहरु निःशुल्क हुन्छन्। सार्वजनिक तथा मोबाइल फोनबाट गरिएको कलहरुमा समय निर्धारित हुन्छ र उच्च दरमा शुल्क लिइने हुन सक्छन्।

## दावीविरोध

यस प्रकाशनमा समावेश गरिएका जानकारी भुक्तानी तथा सेवाका लागि निर्देशिकाका रुपमा मात्र लक्षित छन्। तपाईको आफ्नो विशेष परिस्थिति अनुरूप यदि तपाई भुक्तानीका लागि आवेदन दिने इच्छा गर्नुहुन्छ भने यो तपाईको जिम्मेवारी हो।

# Immunising your child

Immunisation is a simple, safe and effective way to protect your child against harmful diseases that can cause serious health problems. Immunisation helps your child stay healthy and protects the community by reducing the spread of disease.

## Free immunisations in Australia

The National Immunisation Program (NIP) Schedule is a series of immunisations given at specific times throughout your life. The NIP Schedule lists which vaccines your child should get and when. Vaccines listed on the NIP Schedule are free.

Go to **health.gov.au/immunisation** to view the NIP Schedule and more information about immunisation in English.

## What you need to do

Talk to your child's vaccination provider to make sure your child gets the vaccines listed on the NIP Schedule.

When your child gets a vaccine, ask your vaccination provider to record it on the Australian Immunisation Register (AIR). The AIR is a national register that records vaccines given to people of all ages in Australia.

## Viewing your child's immunisation history

To see your child's immunisation record, you can get an immunisation history statement. This allows you to:

- keep track of their immunisations, and
- provide proof of immunisation for child care or school enrolment.

It also shows:

- when their next vaccines are due
- overdue vaccinations, and
- immunisation medical exemptions.

The quickest way to get an immunisation history statement is online, using:

- your Medicare online account through myGov, or
- the Express Plus Medicare mobile app.

For more information in English, go to **humanservices.gov.au/medicareonline**

If you are not eligible for Medicare, you will not be able to access a statement online. Instead, you can:

- ask your vaccination provider to print one for you
- visit a Department of Human Services service centre, or
- call **1800 653 809** in English.

Immunisation history statements only list immunisations that have been recorded on the AIR by recognised vaccination providers. Vaccination providers work in many places, including medical practices and community health clinics. If your child's statement is incorrect, contact your vaccination provider and ask them to update the AIR.

Immunisation details for individuals 14 years of age or over can only be released to that person. If your child is 14 years or over, they will need to access their own statement. This information cannot be provided to a parent or guardian without your child's consent, even if you are listed on the same Medicare card.

## Immunisation and family assistance payments

Your child's immunisations can affect whether you get family assistance payments. Make sure your child has the immunisations they need from the NIP Childhood Schedule (birth to 4 years) for you to get:

- Family Tax Benefit Part A
- 2017–18 Family Tax Benefit Part A supplement
- Child Care Subsidy
- Additional Child Care Subsidy
- Child Care Benefit or Child Care Rebate as a lump sum for 2017–18.

You do not need to tell us when your child is immunised—we will check their status on the AIR.

## Overseas vaccinations

If your child received vaccinations overseas, take proof of these (translated into English) to your Australian vaccination provider. They will check your child has been given the correct vaccinations to meet the NIP Schedule (birth to 4 years).

If your child meets the requirements, your Australian vaccination provider will update the AIR.

If your child does not meet the requirements, the vaccination provider will recommend a catch-up schedule of vaccinations.

If you have recently arrived in Australia and need your child's immunisation evidence translated, read more about the Free Translating Service in English on the Department of Social Services website.

## Immunisation medical exemptions

Some children cannot be immunised because of a medical condition, or may not need a vaccine if they have natural immunity to a disease. An eligible doctor can record an immunisation exemption on the AIR.

For more information in English about immunisation medical exemptions, including a list of eligible doctors, go to **humanservices.gov.au/medicalexemptions**

## For more information

- go to **humanservices.gov.au/air**
- go to **humanservices.gov.au/yourlanguage** where you can read, listen to or watch information in your language
- call **131 202** to speak with us in your language about Centrelink payments and services
- call the Translating and Interpreting Service (TIS National) on **131 450** to speak with us in your language about Medicare and Child Support payments and services
- visit a service centre.

**Note**: calls from your home phone to '13' numbers from anywhere in Australia are charged at a fixed rate. That rate may vary from the price of a local call and may also vary between telephone service providers. Calls to '1800' numbers from your home phone are free. Calls from public and mobile phones may be timed and charged at a higher rate.

### Disclaimer

The information contained in this publication is intended only as a guide to payments and services. It is your responsibility to decide if you wish to apply for a payment and to make an application with regard to your particular circumstances.